गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या ३ मिति २०७५/०३/३२

**भाग-१**

**गोलन्जोर गाउपालिका**

# गोलन्जोर गाउँपालिकाको बिनियोजन ऐन ,२०७५
## (गोलन्जोर गाउँ सँभावाट पारित)

# गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

गाउँसभाबाट स्वीकृत मिति २०७५/०३/३१

प्रस्तावना: गोलन्जोर गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोलन्जोर गाउँ पालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम " गोलन्जोर गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी ( नेपाल सरकार, ३ नं प्रदेश, आन्तरिक आय र गत आ व को वचत गरी) जम्मा रकम रु १५,५३,५०,०००/ (अक्षेरुपी पन्ध्र करोड त्रिपन्न लाख पचास हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन: (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त गोलन्जोर गाउँ गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको

१० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा  एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च  र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा  बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ  बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।  तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को  स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको  जम्मा स्वीकृत रकमको १० प्रतिशतमा नबढ्ने गरी र कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५  प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी  शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु हजारमा | पूजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | गाउँ कार्यपालिका | ७८६२० (वातावरण तथा विपद् ३६००, आर्थिक विकास ११८६०, सामाजिक विकास १३२७४ र कार्यालय संचालन तथा संस्थागत विकास र सुशासन तर्फ ४९८८६) | ७६७३० (पूर्वाधार ५६८०५, गौरवको योजना ६५००, वातावरण तथा विपद् ४२००, समपूरक कोष ७८०० र कार्यालय संचालन १४२५ ) | | |
| | | वडा समिति | | | | |
| | | विषयगत शाखा | | | | |
| | | ऋणको सावाँ व्याज भुक्तानी | | | | |
| | | लगानी सेयर।ऋण | | | | |

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत